कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश प्रदेश, (नेपाल)

पत्र संख्या :-२०८३/०८४ मिति :- २०८३।०६।२६
चलानी नम्बर :-

सार्वजनिक शोक बिदा सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कलैया उपमहानगरपालिकाका वडा नं. ९ का आदरणीय वडा अध्यक्ष श्री पुरुषोतम सिंह पाण्डेयज्यूको मिति २०८३।०६।२६ गते सोमवारका दिन असमायिक निधन भएको खवरले सम्पूर्ण उपमहानगरपालिका परिवार स्तव्ध र मर्माहत भएको छ। उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछु ।

यस दु:खद घडीमा स्वर्गीय वडा अध्यक्षको सम्मान र शोक मनाउन यस कार्यालयको निर्णायानुसार कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहित मातहतका सवै वडा कार्यालय, शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरुमा मिति २०८३।०६।२७ गते मंगलवारका दिन सार्वजनिक शोक विदा रहने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ।

विनोद प्रसाद साह
नगर प्रमुख
तथा
सम्पूर्ण नगरपालिका परिवार